गण्डकी प्रदेश

**नदीजन्य सामग्री ढुंगा, वालुवा, गिट्टी, रोडा (दहत्तर वहत्तर) आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र आब्हानको सूचना**

(पुन: चौथो पटक प्रकाशित मिति २०७६/०९/११ )

पोखरा महानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३, दफा ११(घ) ६ बमोजिम आ.ब २०७६/०७७ का लागि तपशिल बमोजिमका नदीजन्य सामग्री (घाटगद्धी) ढुंगा, गिट्टी वालुवाको आय संकलन ठेक्का माध्यमबाट गर्न तेश्रो पटक सम्म सार्वजनिक सुचना प्रकाशित गर्दा समेत कुनै बोलपत्र दाखिला हुन नआएकोले तपसिलका घाटगद्धिहरुलाई पुन: चौथो पटक सुचना गर्ने निर्णय भएअनुसार यो सुचना प्रकाशित गरीएको छ। इच्छुक फर्महरुले निवेदनसाथ फर्म दर्ताको प्रमाणित प्रतिलिपि, मुल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आर्थिक वर्ष २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरि खरिद गर्न सकिनेछ।

तपशिल :

| ठेक्का नं. | घाटको नाम | उत्खनन हुने अधिकतम परिमाण घन.मी | न्युनतम रकम मु.अ कर बाहेक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| ०७६/०७७/१५ | पशुपति घमाउरे घाट | १२७५० | ९०,५२,५००।०० | ५,०००।०० |
| ०७६/०७७/१६ | द्धारकस्यार घाट | ६३०० | ४४,७३,०००।०० | ५,०००।०० |
| ०७६/०७७/१७ | रुद्रमहादेव घाट | १८०० | १२,७८,०००।०० | ३०००।०० |
| ०७६/०७७/१८ | मुसेटुडो सैनिक घाट | ११२५० | ७९,८७,५००।०० | ५,०००।०० |
| ०७६/०७७/१९ | चमेरे घाट | ९११६.२५ | ६४,७२,५३७।५० | ५०००।०० |

शर्त तथा बन्देजहरु

१) टेण्डर फाराम खरिद गर्ने मिति, समय र स्थान - सुचना प्रकाशित मितिले ७ दिन भित्र वा मिति २०७६ साल पौष १७ गते दिउसो ३ बजे सम्म पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, न्युरोडवाट खरिद गरिसक्नुपर्नेछ।

२) बोलपत्र फारम दाखिला गर्ने र खोल्ने मिति, समय र स्थान - बोलपत्र दर्ता अन्तिम मिति २०७६ साल पौष १८ गते समय दिउसो १:०० वजेसम्म र बोलपत्र खोल्ने मिति २०७६ साल पौष १८ गते दिउसो २:०० वजे र स्थान पोखरा महानगरपालिका कार्यालय न्युरोडमा खोलिनेछ। दर्ता भएका वोलपत्रहरु वोलपत्रदाता वा निजको रोहवरमा खेलिनेछ बोलपत्र खोल्दा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन।

३) वोलपत्रदाताले कवोल गरेको धरौटी रकम कवोल रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणीज्य बैंक, पृथ्वीचोक शाखामा रहेको खाता नं. ३०२०३०३००७१०६ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको पोखरा महानगरपालिकाको नाममा जारी भएको बैंक जमानत (विड वण्ड) संलग्न गरि शिलवन्दी गरि वोलपत्र फाराम पेश गर्नु पर्नेछ। नगद रकम बोलपत्र साथ संलग्न गरी पेश गरेको मान्य हुनेछैन।

४) भ्याट र अग्रीम आयकरं रकम ठेकदार कम्पनीले दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ। सवै रकम एकमुष्ठ दाखिला गरेमा कुल रकमको ५ प्रतिशत छुट पाईनेछ।

५) यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार महानगरपालिकामा सुरक्षित रहनेछ।

६) बोलपत्रहरुमा वोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरेको हुनु पर्ने छ। नभएमा बोलपत्र रितपुर्वक भएको मानिने छैन।

७) ठेकेदार र पोखरा महानगरपालिका वीच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा पोखरा महानगरपालिकाको निर्णय अन्तिम हुनेछ यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन। बोलपत्र स्वीकृत भई सम्झौता हुदा वातावरण संरक्षण ऐन नियमावलि लगाएतको प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नु पर्नेछ।

८) ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पूर्व नै कर वाहेक कवुल रकम एकमुष्ठ बुझाएमा ५ प्रतिशत छुट दिईनेछ। सो नभए कवोल रकमको ५० प्रतिशत कर वाहेकको रकम र बांकी ५०% रकमको लागि १ बर्ष मान्य अवधि रहेको बैंक जमानत पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएपश्चात सम्झौता अवधिमा सम्झौता गर्न नआएमा धरौटी जफत गरीनेछ।

९) तोकिएको किस्ता म्याद भित्र नबुझाएमा महानगरपालिकाको तर्फबाट ठेक्का तोडि बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाईनेछ। असुल गर्न बाँकी रकममा १० प्रतिशत थप जरिवाना समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१०) हुलाक मार्फत वोलपत्र पेश गर्नेले वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय भित्र कार्यालयमा दर्ता भैसक्नु पर्नेछ। सो म्याद नाघी आएको वोलपत्रलाई मूल्यांकनमा समावेश गरिने छैन। कुनै शर्त राखि पेश गरेको रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन। आ.ब २०७५/०७६ मा टेन्डर स्विकृत भै सम्झौता गर्न पत्राचार गर्दा पनि संझौता नगरेका र बक्यौता रकम बांकी रहेका फर्महरुलाई आ.ब ०७६/०७७ को मुल्यांकनमा अयोग्य मानिनेछ।

११) नदी किनार तथा आसपासका वनस्पति र जिवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग, सहायक लोकमार्गका दायाँ बायाँ निषेधित स्थान बाहेक तोकिएको स्थानबाट मात्र नदीको बहाव परिवर्तन नहुने गरी सूर्यादय देखि सूर्यास्त सम्ममात्र नदिजन्य पदार्थ झिक्न पाईनेछ। हावा चलेको बेलामा, पानी चुहिने गरी, धुलो उड्ने गरी ढुवानी गर्न पाईने छैन।

१२) पुल, कजवे तथा कल्भर्टबाट दुवै तर्फका राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरुको २०० मिटर अपस्ट्रिम २०० मिटर डाउन स्ट्रिम सम्म ढुंगा, रोडा, ग्राभेल, गिटी र बालुवा समेत निकाल्न पाईने छैन।

१३) घाटसम्म जाने बाटोको निकास आफै व्यबस्थापन गर्ने जिम्वेवारी स्वयं बोलपत्रदाताको हुनेछ।

१४) नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोलपत्रदाता स्वयंले व्यहोर्नुपर्नेछ

१५) ढुंगा, गिट्टी वालुवा र रोडा समेतको कारोवार गर्दा बालश्रम प्रयोग गर्न निषेध गरिएको छ। वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईने छैन। मजदुरको ज्यालाको हकमा प्रचलित कानुनमा उल्लेख गरेभन्दा कम नहुने गरी ज्याला दिनु पर्नेछ।

१६) स्वीकृत घाट क्षेत्रमा ढुंगा, गिटी, रोडा, चोकर, बालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ।

१७) नदी, खोला बगर एवं सार्वजनिक आवागमनमा बाधा हुने गरी संकलित सामान जम्मा गर्न पाईनेछैन।

१८) बोलपत्रका सम्बन्धमा थप केही बुझ्नु परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ

१९) आ.ब २०७६।०७७ का केही महिना नेपाल सरकारको निर्णयले घाट बन्द भएमा कार्य समयावधी सोही बमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोही समयावधिमा विक्री गर्नु पर्नेछ। त्यसका लागि बोलपत्रदाताले कुनै क्षतिपुर्ति वा हर्जनाको माग गर्न पाउने छैन।

२०) यो ठेक्का अवधि आ.ब ०७६/०७७ अर्थात २०७७ असार मसान्तसम्म रहनेछ। तर २०७७ असार १ देखी उत्खनन गर्न पाईने छैन। तोकिएको परिमाण बराबरको सामग्री सो समय अगावै उत्खनन तथा संकलन भएमा वा नेपाल सरकार, प्रदेश सरकारको निर्णय बमोजिम उक्त आ.ब. का केही महिनाहरुमा ढुंगा,गिट्टी,बालुवा संकलन तथा उत्खननमा रोक लगाएमा ठेक्का अवधि सोही बमोजिम हुनेछ।

२१) यस सम्वन्धी अन्य जानकारीहरु महानगरपालिकाको www.pokharamun.gov.np बाट प्राप्त गर्न सकिनेछ।